# युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालक समितिको ५५ औं बैठक सम्पन्न ।



युवाहरुको श्रम र सीपलाई सदुपयोग गरी देशको विद्यमान वेरोजगारी समस्याको समाधानका लागि स्थापित युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालक समितिको ५५ औं बैठक मिति २०७९ जेष्ठ १० गते कोषका अध्यक्ष एवं युवा तथा खेलकुद मन्त्री माननीय श्री महेश्वर जंग गहतराज (अथक) ज्यूको अध्यक्षतामा मन्त्रालयको सभाहल, सिंहदरबारमा सम्पन्न भयो । कोषका कार्यकारी निर्देशक श्री विश्व मोहन अधिकारीले बैठकका प्रस्तावहरु छलफल तथा निर्णयको लागी प्रस्तुत गर्नु भयो ।

बैठकमा प्रस्तुत विविध प्रस्तावमा छलफल हुँदै गर्दा कोषलाई स्थाई रुपमा सञ्चालनको लागि आफ्नै ऐन निर्माण गर्नु पर्ने विषयमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य, नेपाल राष्ट्र बैंकका गभर्नर, भूमि व्यवस्था सहकारी तथा गरिवी मन्त्रालयका सचिव लगायत उपस्थित सदस्यहरुले विशेष प्राथमिकतामा राखेर व्यापक छलफल गर्नु भएको थियो ।



कोषका कार्यकारी उपाध्यक्ष डा. देवराज रोका (कल्याण)ले संस्थाको स्थायित्व, कर्जा असूली, कर्मचारी व्यवस्थापन लगायत अन्य कानुनी तथा नितीगत विषयहरुको व्यवस्थापनका लागी ऐनको आवश्यकता रहेको वताउनु भयो । कोषका अध्यक्ष एवं युवा तथा खेलकुद मन्त्रालयका माननीय मन्त्रीज्यूले कोषको ऐन निर्माण गर्न मस्यौदा तयार गर्ने तथा उस्तै प्रकृतिका कोषहरुलाई एकद्वार प्रणाली अन्तर्गत सञ्चालनमा ल्याउने दृष्टिकोण राख्दै बैठकको समापन भएको थियो ।